## कार्यक्रमको नामः सौर्य उर्जा प्रणाली तथा लिफ्ट सिंचाई प्रणालीमा अनुदान कार्यक्रम

उदेश्यः

(१) सिंचित क्षेत्रफल विस्तार गर्ने।

(२) सौर्य सिंचाई मार्फत कृषि योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने।

अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः

(१) कृषि सहकारी, कृषक समुह, निजी फर्म, व्यक्तिगत कृषक

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी (व्यक्तिगत कृषकको हकमा)
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि।
४. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
५. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
६. सहकारी संस्थाको हकमा गत आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि।
७. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र।
८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
९. जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि।
   तराईका लागि ३ हेक्टर (६० रोपनी वा ९० कट्ठा), पहाड र उच्च पहाडका लागि २ हेक्टर(४० रोपनी वा ६० कट्ठा),उच्च पहाडका लागि १ हेक्टर(२० रोपनी वा ३० कट्ठा)
१०. व्यक्तिगत कृषकको हकमा आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ। साथै उक्त जग्गा एक आपसमा सिमाना सँगै जोडिएको हुनुपर्ने छ।
११. संस्था/व्यक्तिको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए अधिकार प्राप्त कानून व्यवसायीद्वारा तयार गरिएको कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको सम्झौता पत्रको प्रतिलिपी
१२. कुनै संस्थाबाट जग्गा करारमा लिएको/लिन चाहेको भए सो जग्गादाता संस्थाको जग्गा करारमा दिन स्वीकृत गरिएको संस्थागत निर्णयको प्रतिलिपी।
१३. स्थानीय तह कृषि शाखाको / कृषि ज्ञान केन्द्रको सिफारिस।
१४. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको भनी स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ।

सहजीकरण सेवा तथा सुविधा :

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम साझेदारी रकम रु. |
|---|---|---|
| १ | सौर्य उर्जा तथा लिफ्ट सिंचाई प्रणाली कार्यक्रम | ७५% वा बढीमा ५ लाख २० हजार सम्म |

कार्यक्रम संचालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरु:

कृषि विकास निर्देशनालयले:

१. उपभोक्ताहरुबाट संक्षिप्त कार्य योजना सहितको प्रारम्भिक माग संकलन गर्ने
२. आपूर्तिकर्ताका लागि प्रस्ताव आव्हान गर्ने
३. आपूर्तिकर्ता सूचिकृत गर्ने
४. उपभोक्ताहरुबाट प्रारम्भिक छनौटका लागि पूर्ण विवरण फाराम भराउने
५. उपभोक्ता छनौट गर्ने
६. छनौट भएका उपभोक्ताले कार्य सम्पन्न गरे पश्चात अनुगमन गरी ७५% अनुदान उपभोक्ताको बैंक खाता मार्फत भक्तानी दिने।

उपभोक्ताले:

७. कार्यक्रममा छनौट भए पश्चात आफूले रोजेको आपूर्तिकर्तासँग सम्झौता गरी कार्यक्रम सम्पन्न गर्ने

अन्य कुराहरुका सम्बन्धमा कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ अनुसार गर्ने।

आपूर्तिकर्ताबाट प्राप्त प्रस्ताव मूल्याङ्कनका आधार:

(१) प्रस्तावहरुको आर्थिक मूल्याङ्कनको लागि पैतिस अंक र प्राविधिक मूल्याङ्कनका लागि पैसठ्ठी अंक भार मानी कुल एक सय भारमा मूल्याङ्कन गरिने छ ।

(२) बुदा नं (१) बमोजिम मूल्याङ्कन गर्दा साठी अंक भार प्राप्त गर्ने प्रस्तावहरु मात्र छनौट गरिने छ ।

आपूर्तिकर्ताले पालना गर्नुपर्ने शर्तहरु:

(१) सौर्य उर्जा प्रणाली तथा लिफ्ट सिंचाई प्रणालीमा अनुदान कार्यक्रमका लागि सूचिकृत हुन चाहने आपूर्तिकर्ताहरुले दरभाउ सहितको शिलवन्दी दररेट पेश गर्नुपर्ने छ। यसरी पेश गर्दा Head(m.) र Discharge(L./day) अनुसार पेश गर्नुपर्ने छ। तर यसरी पेश हुन आएको दररेट उर्जा मन्त्रालय अन्तर्गतको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सौर्य सिंचाई प्रणालीमा तोकिएको अधिकतम मूल्यभन्दा बढी भएमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको मूल्यलाई अधिकतम मूल्य कायम गरिने छ।

(२) सूचिकृत भएका आपूर्तिकर्ताले प्रस्ताव गरेका सौर्य उर्जा प्रणाली तथा लिफ्ट सिंचाई प्रणालीको Head(m.) र Discharge(L./day) को आधारमा समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्यूनतम् मूल्यलाई (Lowest Rate) आधार मानी अनुदानको रकम तोकिने छ ।

(३) Solar D.C./AC (Hybrid) Pump र Pump Controller लगायत सम्पूर्ण सामाग्रीहरु गुणस्तरीय हुनुपर्ने छ।

(४) Solar D.C./Hybrid Pump को The International Electrotechnical Commission (**IEC**)/ International Organization for Standardization (**ISO**)/ Technischer Überwachungs-verein/ Technical Inspection Association (**TUV**)/ Underwriters Laboratories (**UL**) Certificate हुनुपर्ने छ।

(५) Solar Panel Renewable Energy Test Station (**RETS**) बाट Random Sampling Test (**RST**), Product Introduction Test (**PIT**) Test Pass गरेको हुनुपर्ने छ।

(६) Frame structure Galvanized Iron (**GI**) हुनुपर्ने छ।

(७) Solar D.C./ AC (Hybrid) Pump को २ वर्षको Free of cost replacement guarantee दिनुपर्ने छ।

(८) Alternative Energy Promotion Center (AEPC) ले PQ (Pre- Qualify) गरेको आपूर्तिकर्तालाई मात्र मान्यता दिईनेछ।

(९) Manufacturer को Authorized आपूर्तिकर्ता /डिलर हुनुपर्नेछ।

(१०) फिल्डमा चेक जाँच गर्दा निर्देशनालयले तोकेको वा उपभोक्ताले माग गरे वमोजिमको Discharge अनुसार पानी नआएमा त्यसको सम्पूर्ण जिम्मेवार आपूर्तिकर्ता स्वयं हुनेछ र सो वापतको क्षतिपूर्ति दिनुपर्ने छ। यस्ता आपूर्तिकर्तालाई निर्देशनालयले कालोसूचीमा राख्ने छ।

उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरुः

(१) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(२) अनुदानमा उपलब्ध गरिएको सामाग्री गैर कृषि कार्यमा प्रयोग गर्न तथा दुरुपयोग पाइने छैन ।

(३) उपभोक्ताले कार्य सम्पन्न गरे पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी/गराई अनुदान रकम भुक्तानीका लागि सम्बन्धित कामको विल विजक सहित निर्देशनालयमा पेश गर्नु पर्नेछ।

प्रस्ताव मूल्याङ्कन फारम

| सि.नं. | मूल्याङ्कनका आधार | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | जग्गा | १० | |
| १.१ | प्रस्तावकको नाममा जग्गा भएको | १० | |
| १.२ | प्रस्तावकले अन्यबाट करारनामा गरी कम्तीमा ५ वर्षको लागि करारमा लिएको | ७ | |
| २ | सिंचाई क्षेत्रको विस्तार | २५ | |
| २.१ | ३ हे तराईमा /२ हे पहाड र उच्च पहाडमा | २३ | |
| २.२ | ३ हे भन्दा बढी तराईमा /२ हे भन्दा बढी पहाड र उच्च पहाडमा | २५ | |
| ३ | सिंचाईबाट लाभान्वित परिवार संख्या | १५ | |
| ३.१ | १ देखि २ परिवार | १२ | |
| ३.२ | ३ देखि ४ परिवार | १४ | |
| ३.३ | ४ परिवार भन्दा बढी | १५ | |
| ४ | साझेदारको लगानी | १५ | |
| ४.१ | २५ प्रतिशत | १४ | |
| ४.२ | २५ प्रतिशत भन्दा बढी | १५ | |
| ५ | सिंचाईका लागि पानीको श्रोत | १५ | |
| ५.१ | मुहान | १० | |
| ५.२ | खोला र नदी | १३ | |
| ५.३ | भूमिगत जल | १५ | |
| ६ | कार्यक्रम संचालनबाट वाली सघनतामा हुनसक्ने वृद्धि | २० | |
| ६.१ | वाली सघनता २०१% भन्दा बढी पुग्न सक्ने | २० | |
| ६.२ | वाली सघनता १७६%-२००% पुग्न सक्ने | १५ | |
| ६.३ | वाली सघनता १५०%-१७५% पुग्न सक्ने | १० | |
| | जम्मा | १०० | |

उपरोक्तनुसार कार्य योजनाको मूल्याङ्कन गर्दा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिस्पर्धामा सामेल हुनेछन्।